नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
प्रशासन फाँट

फोन नं. ०३३-५२०१२१
०३३-५२००३२
फ्याक्स नं. ०३३-५२००९९

प.स ०८२ /०८३
च.नं.

## आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

श्री लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र
जिल्ला सिरहा अन्तगर्तका संस्थाहरु ।

प्रस्तुत विषयमा गृह मन्त्रालय(लागु औषध नियन्त्रण शाखा)को प.सं. ०८२/०८३ च.नं.११९८ मिति २०८२/१२/१८ को पत्रानुसार लागु औषध प्रयोगकर्ताहरुको उपचार तथा पुर्नस्थापना क्षेत्रमा कार्यरत संघसंस्था/निकायलाई आ.व.२०८२/०८३ मा नेपाल सरकारको तर्फबाट पुरस्कार र अनुदान प्रदान गर्ने सम्बन्धमा अनुदान वितरण कार्यविधि,२०७७ को अनुसूची-१ र उपचार तथा पुनर्स्थापना केन्द्र पुरस्कृत गर्न छनौट गर्ने सम्बन्धी मापदण्ड,२०७८ अनुसूची-२ बमोजिम ढाँचामा मन्त्रालयबाट प्रकाशित सूचनामा उल्लेखित कागजातसहित २०८२/१२/१८ गतेको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिन्छ ।

मिति :- २०८२/१२/२० गते

२०८२।१२।२०
सुरेश साह
प्रशासकिय अधिकृत

सुरेश साह
प्रशासकीय अधिकृत

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**लागु औषध नियन्त्रण शाखा**

**सिंहदरबार, काठमाडौ**

## अनुदानका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

मितिः २०८२/१२/१८ गते

लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनर्स्थापना क्षेत्रमा कार्यरत संघ-संस्था/निकायलाई चालु आ.व. २०८२/८३ मा नेपाल सरकारको तर्फबाट अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले इच्छुक संघ-संस्था/निकायले **"लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०७७"** को अनसूची-१ बमोजिमको ढाँचामा निम्न कागजातहरू संलग्न राखी सूचना प्रकाशन भएको मितिले **१५ दिनभित्र** यस शाखामा आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि फोन नं. **०१-४२११२२२/९८५१३२७२२२** मा सम्पर्क गर्नु हुन वा **www.moha.gov.np** हेर्नु हुन अनुरोध छ।

**देहाय:**

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि,

ग) मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि,

घ) वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि,

ङ) वार्षिक लेखापरीक्षण प्रतिवेदन,

च) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

छ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ज) केन्द्र/संस्था रहेको स्थानको नक्सा,

झ) संस्थाको वित्तीय, भौतिक र मानव संशाधन सम्बन्धी विवरण (कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा),

ञ) अनुदान प्राप्त भए पश्चात् गरिने संक्षिप्त कार्ययोजना (कार्यविधिको अनुसूची-४ बमोजिमको ढाँचामा)

पुनश्च: यस मन्त्रालयवाट यसअघि अनुदान प्राप्त गरेको भए १ वर्ष पुरा भएको र केन्द्र स्थापना भएको २ वर्ष पुरा भएको हुनुपर्नेछ ।

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**लागु औषध नियन्त्रण शाखा**

**सिंहदरबार, काठमाडौ**

## पुरस्कारका लागि आवेदन पेश गर्ने संम्बन्धी सूचना

**मितिः २०८२/१२/१८ गते**

गृह मन्त्रालय लागु औषध नियन्त्रण कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लागु औषध प्रयोगकर्ताहरुको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ बमोजिम हालसम्म सञ्चालनमा रही उत्कृष्ट कार्य सम्पादन गरेका उपचार तथा पुनर्स्थापना केन्द्रलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक केन्द्रले "उपचार तथा पुनर्स्थापना केन्द्र पुरस्कृत गर्न छनौट गर्ने सम्बन्धी मापदण्ड, २०७८" बमोजिम देहायबमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशन भएको मितिले **१५ दिनभित्र** सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य जानकारीका लागि लागु औषध नियन्त्रण शाखाको फोन नं. **०१-४२११२२२/९८५१३२७२२२** मा सम्पर्क गर्नु हुन वा www.moha.gov.np हेर्नुहुन अनुरोध गरिन्छ।

**देहाय:**

(क) मापदण्डको अनुसूची- २ वमोजिमको निवेदन,

(ख) संस्था दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ग) केन्द्रको विधानको प्रतिलिपि,

(घ) मन्त्रालयमा आबद्धताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) मूल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(च) अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(छ) अघिल्लो आ.व. को वार्षिक लेखा परिक्षण प्रतिवेदन,

(ज) केन्द्र रहेको सम्बन्धित स्थानीय तह / वडा कार्यालयको सिफारिस,

(झ) केन्द्रको भौतिक, वित्तिय र मानव संशाधनको विवरण,

(ञ) दफा ५ को उपदफा (२) बमोजिमका अन्य आवश्यक कागजातहरू

२०८२।१२।१८